ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक २८०
२८ असार २०८० विहीबार
13 Jul. 2023, Thursday
www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

## रक्सी चोर्दा निलम्बनमा परेका प्रहरी जवानलाई फेरि किन दिइयो यातना ?






**खबर दर्पण समाचारदाता**

**असार २७ गते, सिरहा**

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी जवान अनुप राय फेरि विवादमा तानिएका छन्। उनलाई हात पछाडि लगेर हतकडी लगाएको भिडिओ सार्वजनिक भएको छ।

रायका आफन्तले उनलाई जिल्ला प्रहरी कार्यालयका अधिकृतले यातना दिएको भन्दै भिडिओ सार्वजनिक गरेका हुन्।

महोत्तरी घर भएका प्रहरी जवान राय यसअघि पनि निलम्बनमा परेका थिए। २०७५ सालमा प्रहरी जवानमा भर्ना भएका रायलाई २ वर्षअघि चोरीको आरोपमा सिरहामा नै हुँदा निलम्बन गरिएको थियो।

यसअघि २०७८ सालमा सिरहाको लहानमा रक्सी चोरेको आरोपमा उनलाई निलम्बन गरिएको थियो। अहिले सार्वजनिक भएको भिडिओ सोमबार अपरान्हको हो।

सिरहाका प्रहरी प्रमुख एसपी टेकुनन्न इवा लिम्बुका अनुसार राय सवारी चालक हुन्। तर रक्सी खाएर गाडी चलाउने गरेपछि उनलाई सवारी चालकबाट अन्य डीयूटीमा खटाउन थालिएको थियो। अहिले सार्वजनिक भएको भिडिओमा पनि प्रहरी अधिकारीले उनलाई रक्सी पिएको छस्? भनेर सोधेको सुनिन्छ। तर उनले रक्सी नपिएको र रक्सी पिएको भए जागिर नै छाड्ने जवाफ दिएका छन्।

सोमबार साँझ गस्तीमा जाने टोलीमा उनलाई पनि समावेश गरिएको थियो। ड्युटी खटाउने अधिकारीसँग उनी फिल्डमा गस्ती हालेको भन्दै बाझेको एसपी लिम्बुले बताए।

त्यसपछि उनी यस्ता जागिर सागिर खान्न बरु मर्छु भन्दै प्रहरी अधिकारीलाई गाली गर्दै बाहिर गए। गेटमा ड्युटीमा रहेका प्रहरीले पनि उनलाई रोक्न सकेनन्। गेट बाहिर गएपछि उनलाई अरु प्रहरी गएर पक्राउ गरेका थिए।

पक्राउ गरेपछि उनी सजिलै भित्र आउन नमानेपछि हतकडी लगाएर कार्यालय भित्र ल्याइएको थियो।

सोमबार साँझ उनलाई हिरासतमा राख्ने तयारी गरेपछि उनको भिडिओ खिचिएको थियो। भिडिओ पनि अर्का प्रहरी जवानले नै खिचेका थिए।

हिरासतमा राख्नुअघि स्वास्थ्य परीक्षण गरियो, तर उनले रक्सी खाएको भने रिपोर्टमा देखिएन।

सोमबार उनलाई हिरासतमा राखिएको थियो। मंगलबार हिरासतबाट छाडेपछि उनी ब्यारेकमा (प्रहरी निवास) गए। त्यसपछि उनले आफ्नो भिडिओ खिच्ने जवानको मोवाइलबाट आफ्नोमा पठाएर आफन्तमार्फत उक्त भिडिओ सार्वजनिक गरेका थिए। 'उसले ड्युटीमा खटाउने प्रहरी अधिकृतलाई गाली गर्दै अब जागिर सागिर छाड्छु भन्दै गयो। गेटमा रहेको ड्युटीलाई पनि नटेरी हिँड्यो। गेटबाहिर गइसकेपछि प्रहरीले नियन्त्रणमा लिएर ल्याउने क्रममा उग्र बनेपछि हतकडी लगाइएको हो', एसपी लिम्बुले भने, 'यस विषयमा थप अनुसन्धान गर्दैछौं, कानुन अनुसार दोषी सबैलाई कारबाही हुन्छ।'

## महिलालाई बलात्कार गरेको आरोपमा दुईजना पक्राउ

**धर्वेन्द्रकुमार यादव यदुवंशी**

**असार २७ गते, महोत्तरी**

महोत्तरीको वर्दिवास नगरपालिकामा एक २१ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा दुईजनालाई पक्राउ गरिएको छ।पक्राउ पर्नेमा बर्दिबास नपा -७ किसानगर बस्ने २६ वर्षीय राजेश मण्डल र २३ वर्षीय अजय ठाकुर रहेको बुझिएको छ।

किसाननगर प्रहरी चौकीका प्रसनि कालसिंह लामाले जनाए अनुसार २१ वर्षीया एक महिलालाई कोहि नभएको बेला तीन चार जना युवकहरु घरमा प्रवेश गरी महिलालाई नियन्त्रणमा लिएर केहि नशालु ट्यावलेट खुवाउनुको साथै नशालु इन्जेक्सन समेत लगाएर वेहोस बनाई बलात्कार गरिएको जस्तो देखिएको छ।

प्रसनि लामाले महिलालाई अचेत भएको अवस्थामा घरको आफन्तले देखी प्रहरीलाई खवर गरे लगतै घटना स्थल पुग्दा अनुहार, हात, ढाड तथा पेटमा कोतारिएको घाउ रहेको अवस्था फेला परेको हो । पीडित महिलालाई उपचारार्थ बर्दिबास स्थित सरकारी अस्पतालमा भर्ना गरिएको छ । प्रहरीले घटना स्थलको अवस्था र महिलाको शारीरिक अवस्था देख्दा बलात्कार गरिएको जस्तो देखिएको भए स्वास्थ्य परीक्षणको रिपोर्ट आए पछि मात्र भन्न सकिने उपचारमा संलग्न चिकित्सकले जनाएको छ। हाल महिलाको अवस्था अलिअली बोल्न सक्ने तत्काल मध्यम अवस्था रहेको छ ।

वारदातमा संलग्न दुई जना फरार रहेपनि अन्य मानिसहरु फरार रहेकोले फरारको पहिचान लगायतको खोजतलास तिब्र रुपमा भईरहेको प्रहरीले जनाएको छ।

## अवैध उत्खनन गरिरहेको दुई वटा स्काभेटर प्रहरी नियन्त्रणमा




**महोत्तरी** / महोत्तरीको गौशला नगरपालिकामा अबैध खोला उत्खनन गरिरहेको २ स्काभेटर प्रहरीले नियन्त्रणमा लिएको छ।

बुधवार गौशाला न.पा.१२ बाँके खोलामा अवैध रुपमा खोला उत्खनन गरिरहेको सुचना पाए लगतै पुगेको प्रहरीले नियन्त्रणमा लिएको हो। सुचना प्राप्त हुन साथ ईलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक मनोज यादव र प्रहरी चौकी कान्तिबजारका प्र.स.नि रोशन लमिछानेको संयुक्त कमाण्ड टोली खटी गई २ वटा स्काभेटर नियन्त्रणमा लिई आवश्यक अनुसन्धानको लागि प्रहरी चौकीमा राखिएको छ।

## बहुविवाहको आरोपमा वडाध्यक्ष पक्राउ


**खबर दर्पण समाचारदाता**

**असार २७ गते, बर्दिवास**

महोत्तरीमा बहुविवाह आरोपमा एक वडा अध्यक्ष १७ वर्ष पछि गिरफ्तारीमा परेका छन्।

जिल्ला प्रहरी कार्यालय महोत्तरीको अनुसार भंगाहा नगरपालिका-४ का वडाध्यक्ष गणेश महतो बहुविवाह आरोपमा गिरफ्तार भएका हुन् । २६ असारमा छलफलका लागि पुगेका जिल्ला प्रहरी कार्यालय जलेश्वर पुगेको महतोलाई प्रहरीले बहुविवाहको आरोपमा नियन्त्रणमा लिएको जनाएको छ । महतोकी जेठी श्रीमती ललिता देवीले सप्रमाण प्रहरीमा उजुरी दिएपछि प्रहरीले उनलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायव उपरीक्षक दिलीपकुमार गिरीले जानकारी दिए ।

महतोले ललितासँग २०५८ सालमा विवाह गरेका थिए । ललिता र महतोको छोरा र छोरी छन् । ललिताले श्रीमान्ले वर्षौंदेखि दोस्रो श्रीमती लुकाएर राखेको भन्दै प्रमाण सहित प्रहरीमा उजुरी दिएकी थिइन् ।



ललिताले पेस गरेको प्रमाणअनुसार २०६३ सालमा उनले दोस्रो विवाह समेत दर्ता गरेको पाइएको प्रहरीले जनाएको छ। उनले कान्छी श्रीमतीलाई आफ्नै नामबाट नागरिकता समेत चितवन जिल्लाबाट दिलाएको पाएपछि पक्राउ गरेको प्रहरी नायव उपरीक्षक गिरीले जानकारी दिए ।

हाल जनप्रतिनिधिका हिसाबले उनी जिल्लामा जेठी श्रीमतीसँगै बस्दै आएको र कान्छी श्रीमतीबारे अहिले सबैकुरा खुलिनसकेकाले थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । बुधबार उनलाई म्याद थप गर्न जिल्ला अदालतमा हाजिर

*बाँकी पृष्ठ ४ मा*

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा उदीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशनको सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

सम्पादकीय

# विपद् जोखिम न्यूनिकरणमा सयममै जुट्नुपर्छ

यहि वर्ष पनि मनसुन सुरु भएदेखि जुलाइ १ सम्म साना/ठूला गरी १३० भन्दा बढी पहिरो गएको विवरण विपद् पोर्टलमा उल्लेख छ। पहिरो तथा भेलबाढीजन्य विपद्को जोखिम न्यूनीकरण तथा पूर्वकार्यका लागि तयारीस्वरूप विभिन्न संघसंस्थाले स्थानीय सरकार र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँगको समन्वय तथा सहकार्यमा सम्भावित पहिरो प्रभावित समुदायको भूजोखिम अध्ययन गरेका छन्। गत वर्ष सिन्धुपाल्चोकको भोटेकोसी गाउँपालिकाको ५३ वटा र बाह्रबिसे नगरपालिकाको ५१ वटा सम्भावित जोखिम स्थानको भूजोखिम अध्ययन भएको थियो। यसपालि पनि बाह्रबिसे नगरपालिकाको ३२ वटा स्थानको भूजोखिम अध्ययन गरिएको छ। अध्ययन गरिएकामध्ये ९० भन्दा बढी बस्ती पहिरोको अधिक जोखिममा छन्। जहाँ भेला बाढी तथा पहिरोजन्य जोखिम न्यूनीकरणका लागि तत्काल काम थालिहाल्नुपर्ने छ।

भूगर्भविद्का अनुसार, भौगर्भिक अध्ययन गरिएका अधिकांश स्थानमा पानीको उचित निकास नहुनु, ग्रामीण सडक निर्माण र हाइड्रोपावर आयोजनाका कारण पहिरोको जोखिम बढिरहेको बताएका छन्।

भनिन्छ-विपद् व्यवस्थापनका लागि पूर्वतयारीमा गरिने एक रुपियाँको लगानीले प्रतिकार्यमा लगानी हुने सात रुपियाँ जोगाउन सकिन्छ। तर पनि पूर्वतयारीमा अपेक्षित काम भने अझै हुन सकिरहेका छैनन्। स्थानीय सरकारले विपद् व्यवस्थापनका लागि बजेट विनियोजन गरिरहेका छन्।

तर विनियोजित बजेट विपद् व्यवस्थापनको क्षेत्रमा कम लगानी हुने गरेको छ। विपद् जोखिमको आंकलन गरी पूर्वकार्यमा त अझ निकै गर्न बाँकी छ।

विपद् जोखिम न्यूनीकरणका लागि गरिने पूर्वतयारीको काम भनेको ग्याबिन, रिटेनिङ तथा टेवा पर्खालहरू मात्रै हुन् त? सरकारका तीनवटै निकायले यस विषयमा आलोचनात्मक समीक्षा गर्नु आवश्यक छ। संघीय सरकार ले सम्बन्धित प्रदेश सरकारलाई अधिकार प्रत्यायोजन गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि प्रदेश सरकारलाई जिम्मेवार बनाउँदा थप प्रभावकारी हुने देखिन्छ। संविधानमा विपद् व्यवस्थापनको विषयलाई साझा अधिकार सूचीमा राखिएको छ। सरकार मात्र होइन, यस कामका लागि संघसंस्था र समुदाय पनि त्यत्तिकै जिम्मेवार हुनुपर्छ।

# विकास प्रशासनका क्षेत्र

डा.दामोदर रेग्मी

विकास सबैका लागि अपरिहार्य गतिशील सामयिक आवश्यकीय परिवर्तन हो। यो एउटा यस्तो सकारात्मक परिवर्तन हो, जसले सकारात्मक प्रगति उन्मुख परि वर्तनको अपेक्षा राखेको हुन्छ। शाब्दिक अर्थमा विकासले यथास्थितिभन्दा उन्नत, पूर्ण, परिपक्व अपेक्षित अवस्थालाई जनाउँछ। विकासलाई साधारणतया आर्थिक वृद्धिको पक्षसँग हेर्ने र समाहित गर्ने गरेको पाइन्छ। यो एउटा परम्परागत तर बढी चलनचल्तीमा रहेको अवधारणा हो। अर्थशास्त्रीय अवधारणाले विकास भन्नाले कूल गार्हस्थ उत्पादन र प्रतिव्यक्ति आयमा वृद्धिलाई विकास भन्ने गरेको छ भने समाज शास्त्रीय अवधारणाले आर्थिक वृद्धि सँगसँगै सामाजिक विकास हुनुपर्ने अपरिहार्य आवश्यकतालाई जोड दिएको छ। सन् १९७० को दशकभन्दा अघिसम्म विकास आर्थिक विषय वस्तुसँग बढी सम्बन्धित थियो, जसले प्रतिव्यक्ति आय, कुल राष्ट्रिय उत्पादन, आर्थिक वृद्धिले सामाजिक उपादेयतामा पुऱ्याएको योगदानसँग सम्बन्धित रहेको थियो तर १९८० को दशकको प्रारम्भसँगै विगतको यो अवधारणामा व्यापक परिवर्तन भएको पाइन्छ। यो परिवर्तित अवधारणाले विकास भनेको अर्थतन्त्रको विकास हो तर यसले गरिबी, असमानता र बेरोजगारी पनि हटाउन सक्नु पर्दछ भन्ने मान्यतालाई बढी जोड दिएको छ। यसरी विकासलाई रोजगारी सिर्जनाको संयन्त्रको रूपमा समेत लिने गरिन्छ। विकास एउटा बहुआयामिक प्रक्रिया हो। यो आधुनिकीकरण तर्फको अग्रसरता, गतिशील परिवर्तन, नवप्रवर्तनसहितको उपलब्धिको सम्मिश्रण हो। यदाकदा विकास र वृद्धिलाई पर्यायवाची शब्दको रूपमा समेत हेर्ने गरिएको पाइन्छ। सामान्यतया यी दुई शब्द एकै जस्तो देखिने भए पनि विकास अनन्त रहने र वृद्धि सीमित रहने धारणा अर्थशास्त्रीको रहेको छ तर विकास सकारात्मक परिवर्तनसहितको वृद्धि भने पक्कै हो। विकास एउटा प्रक्रियागत, योजनागत मानवीय प्रयास हो, जसले मानव जीवनको गुणस्तर अभिवृद्धिमा योगदान पुऱ्याएको हुन्छ। विकास एउटा बहुआयामिक विषय हो। यो राजनीतिक विकास, आर्थिक विकास, सामाजिक विकास, प्रशासनिक विकास, नागरिक स्वतन्त्रता, सांस्कृतिक विकास, सामाजिक सद्भाव कायम राख्ने महत्वपूर्ण संयन्त्र, आन्तरिक र बाह्य विकास साझेदारसँगको उचित समन्वय र सहकार्य जस्ता पक्षसँग अन्तरसम्बन्ध राख्ने विषय पनि हो।

विकास आवश्यकताको जननी हो। विकास हर क्षेत्रका लागि अपरिहार्य आवश्यकता हो। यो यथार्थता रहेको भए पनि विकास प्रयासले सबै ठाउँमा एउटै रूपमा सार्थक परिणाम नदिइरहेको स्थितिमा विकासोन्मुख र विकसित देशको बिचमा रहेको द्रुत गति र मन्द गतिको विकासले सिर्जना गरेको खाडल न्यूनीकरण गर्ने उद्देश्यले एडवर्ड वाउडनर, फ्रेडरिग्स, जोसेफ ला पलमवोरा, अल्वर्ट वाटर स्टोन, आरभिङ्ग स्वेडलोले विकास प्रशासनको अवधारणा अगाडि सारे।

विकास प्रशासन र अति कम विकसित मुलुकको विकासको अवधारणा एक आपसमा अन्योन्याश्रित विषय हुन्। विकास प्रशासन दोस्रो विश्वयुद्धपछि स्वतन्त्र भएका एसिया, अफ्रिका तथा ल्याटिन अमेरिकाका मुलुकको विकास प्रयासमा तीव्रता प्रदान गर्ने उद्देश्यले ल्याइएको अवधारणा हो भने अति कम विकसित मुलुकको अवधारणाको विकास सन् १९६० को दशकको अन्तातिर गरिबी, कमजोर मानव स्रोत र संवेदनशील आर्थिक क्षेत्र जस्ता कमजोर पक्ष विद्यमान रहेका देशका लागि आएको अवधारणा हो। सन् १९७१ नोभेम्बर १८ को संयुक्त राष्ट्रसङ्घको प्रस्ताव नं. २७६८ मा यस सम्बन्धमा औपचारिक रूपमा सूचीकृत भएपछि अति कम विकसित मुलुक र यिनीहरूको विकाससम्बन्धी विषयले थप प्राथमिकता पाउन थालेको हो। ९० करोडभन्दा बढी जनसङ्ख्या अति कम विकसित मुलुकमा बसोबास गर्ने गर्दछन्। यी मुलुकको भौगोलिक संरचना एकातर्फ जटिल प्रकृतिको छ भने अर्कातर्फ यिनीहरूमा ठुलो मात्रामा गरिबी, तीव्र रूपमा भइरहेको जनसङ्ख्या वृद्धि, न्यून मानवीय र सामाजिक विकास, न्यून आय, आन्तरिक र बाह्य रूपमा सिर्जित हुने आकस्मिक झट्काको मारमा पर्न बाध्यसमेत छन्। साथै कमजोर संरचनात्मक पक्ष, साधन स्रोतको न्यूनता र प्रभावकारी रूपमा खर्च गर्न सक्ने क्षमताको अभाव, सुशासनको अभाव जस्ता समस्या निरन्तर बोकिरहनु यी मुलुकको नियति बनेको छ। यसर्थ यी समस्याको समाधान गर्ने किसिमको अति कम विकसित मुलुकको अन्तर्राष्ट्रिय विकास एजेन्डा हुनु आवश्यक देखिन्छ।

विकासलाई मूलतः आर्थिक वृद्धि र सोही अनुरूपको सकारात्मक सामाजिक परिवर्तनको रूपमा लिने गरिएको छ। विकास प्रयासले जनताको सामाजिक, आर्थिक जीवनमा सकारात्मक परिवर्तन ल्याउने बढ्दो जनसङ्ख्या वृद्धिमा न्यूनीकरण, आवश्यक पूर्वाधार र कलकारखानाको विकास, रोजगारीको अवसरको सिर्जना, शैक्षिक विकास, सूचना प्रविधिको उच्चतम प्रयोग जस्ता विषयमा जोडदिनु पर्ने यसअघि स्थापित मान्यताले निरन्तरता पाउँदै आएको छ। विकासको तहको मापनमा मानव विकास सूचकाङ्क (सामाजिक पक्ष) प्रतिव्यक्ति आय, कुल गार्हस्थ उत्पादन आर्थिक वृद्धिदर जस्ता आर्थिक पक्षहरू प्रयोगमा आएका छन्। केही वर्षयता सुखपना आत्मसन्तुष्टिको सूचकाङ्को प्रयोगमा ल्याइएको छ। विकासको दायरालाई विस्तार गर्ने क्रममा विश्वको प्रशासनिक र आर्थिक आयाममा आएको परिवर्तनको सन्दर्भमा महिला सहभागिता, समावेशी विकास, सीमान्तकृत वर्गको उत्थान, दिगो विकास र पर्यावरण, गरिबी निवारण, आर्थिक उदारीकरणको सन्दर्भमा विकास प्रयासमा सरकार र साझेदारको भूमिका निर्धारण जस्ता अन्तर सम्बन्धित विषय समसामयिक विषयको रूपमा देखिएका छन्। तसर्थ अबको विकास प्रयास भनेको देश विशेषको यथार्थता अनुरूप विकासको उपस्थिति अनुभव गर्न नपाइएको क्षेत्रमा विकास प्रयासको शीघ्र सुरुवात, विकास प्रयास थालनी भएका क्षेत्रमा विकास प्रयासलाई सामाजिक आर्थिक मापन सूचकाङ्क अनुकूल बनाई आत्मसन्तुष्टिको प्राप्तिको तहमा पुऱ्याउने र विकासका सामयिक विषयलाई विकास प्रक्रियाले सम्बोधन गर्ने गरी अगाडि बढ्ने रणनीति लिनुपर्ने आवश्यकता देखिन्छ।

विसं २००७ को राजनीतिक परिवर्तन, २००४ र २००८ सालबाट सुरु भएको संवैधानिक विकास पछि नेपाल विकास प्रयासतर्फ अग्रसर हुन थालेको हो। २००८ सालबाट बजेट ल्याउने प्रथाको सुरुवातबाट देशले वार्षिक वित्तीय नीतिमार्फत विकास कार्य सञ्चालन गर्न थालेको हो। २०१३ सालबाट सुरु भएको आवधिक योजनाको सुरुवातपछि विकास प्रक्रियाले थप गति लिने अवसर पाएको हो। २०१३ सालमै निजामती सेवा ऐनको व्यवस्था भएबाट प्रतिस्पर्धी, दक्ष, निजामती कर्मचारी सरकारी सेवा प्रवाहको संयन्त्र तथा विकास कार्यको योजना निर्माण, रणनीति निर्माण र कार्यान्वयन गर्ने स्थायी अङ्गको रूपमा स्थापित हुन पुगे। २०१३ सालमै नेपाल राष्ट्र बैङ्कको स्थापना अर्को महत्वपूर्ण कदमको रूपमा स्थापित हुन पुग्यो। २०१३ साल नेपालको प्रशासनिक तथा आर्थिक विकासका दृष्टिले कोसेढुङ्गाको रूपमा स्थापित हुन पुगेको छ।

लेखक नेपाल सरकारका सचिव हुनुहुन्छ।

*गोरखापत्रबाट*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |


### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# शरदचन्द्र शाहको सोचको उपज थियो, पहिलो दक्षिण एशियाली खेलकुद




**नविन अर्याल** / बंगलादेशले (दक्षिण एशियाली खेलकुद) प्रतियोगिता आयोजना गर्ने सम्बन्धमा लामो समय कुनै निर्णय गर्न सकेन। नेपाल दक्षिण एशियाली खेलकुदको योजनाकार थियो। बंगलादेशको विलम्बका कारण शरदचन्द्र शाह छटपटाउन थालिसकेका थिए। उनलाई लाग्यो- बंगलादेशका कारण नेपालको योजना तुहिने त होइन?

यसैबीच उनी भारतीय ओलम्पिक कमिटीका अध्यक्ष पटियालाका राजा भलिन्दर सिंहसँग कुराकानी गर्न पुनः दिल्ली उडे। शाहको पटियालाका र ाजासँग गहिरो सम्बन्ध थियो। उनले सिंहसँगको भेटमा दक्षिण एशियाली खेलकुद आयोजना गर्ने सम्बन्धमा बंगलादेशको विलम्बको सविस्तार चर्चा गरे। आफ्नो सपना तुहिने डर हटाउन सुझाव मागे, 'अब के गर्ने ?'

यतिवेला निरास भएका शाहलाई उत्साहित तुल्याउन पटियालाका र ाजाले भने, 'तिमीहरू (नेपाल) ले सक्छौ भने किन कुरेर बस्नु। खेलकुद आयोजना गर्ने पहलकदमी तिमीहरूले पनि गर्दा भइहाल्छ नि।'

भेटघाटका क्रममा पटियालाका राजाले पहिलो दक्षिण एशियाली खेलकुदको परिकल्पनाकार हुनुको नाताले नेपालले सुरुवात गर्दा के बिग्रिन्छ ? भन्दै शाहको महत्वाकांक्षा झन् बढाइदिए। उनले शाहलाई अग्रिम शुभकामना दिँदै भने, 'नेपालले आयोजनाको जिम्मा लिन्छ भने म नेपालको निर्णयको पक्षमा उभिनेछु।'

उनले भारतीय खेलाडी पठाएर सहयोग गर्ने आश्वासन पनि छलफलकै क्रममा दिए। अध्यक्ष सिंहको सकारात्मक सुझाव सुनेपछि शाहको आत्मविश्वास चुलियो। उनी नेपाल फर्किएर सिधै राजा वीरेन्द्रलाई भेट्न नारायणहिटी पुगे। राजा वीरेन्द्रसँगको भेटमा उनले बंगलादेशको तत्कालीन अवस्था र भारतीय ओलम्पिक कमिटीका अध्यक्षसँग भएको कुराकानीको विस्तृत सुनाए। यतिवेला उनले आफ्नो सबै योजना राजा वीरेन्द्रसमक्ष प्रस्तुत गरे र प्रतियोगिताका लागि ४० लाखको हाराहारीमा खर्च लाग्ने जानकारी गराए।

केही दिनपछि दरबारबाट खबर आयो, नेपालले प्रतियोगिताको जिम्मेवारी पाउँछ भने अगाडि बढ्नू। अर्थात् शाहको प्रस्तावमाथि दरबारको मोहर लाग्यो। राजा वीरेन्द्र सकारात्मक देखिए।

दरबारको सकारात्मक प्रतिक्रियापछि शाह दक्षिण एशियाली खेलकुदको पहिलो प्रतियोगिता नेपालमै आयोजना गराउने अभियानमा कस्सिएर लागे। यही क्रममा २० असोज २०४० सालमा नेपालको चर्चित अंग्रेजी अखबार 'दि राइजिङ नेपाल' को अन्तिम पृष्ठमा एउटा समाचार प्रकाशित भयो। लेखकको नाम उल्लेख नभएको यो समाचारको शीर्षक थियो, 'नेपालले पहिलो दक्षिण एशियाली खेलकुद आयोजना गर्न सक्ने।'

समाचारमा स्रोत भनेर राखेपको शीर्ष नेतृत्वलाई उद्धृत गरिएको थियो, तर कसैको नाम उल्लेख थिएन। नेपाली खेलकुदमा चासो राख्ने जो कोहीलाई यो बुझ्न गाह्रो थिएन, त्यो समाचारको स्रोत स्वयम् शरदचन्द्र शाह थिए। तत्कालीन अवस्थामा राइजिङ नेपालमा वरिष्ठ खेल संवाददाताको रूपमा काम गरिरहेका पी खरेल भन्छन्, 'न्युजका स्रोत शरदचन्द्र शाह नै थिए, तर दक्षिण एशियाली महासंघको बैठकबाट नेपाललाई प्रतियोगिता आयोजना गर्न दिने निर्णय नभइसकेका कारण शाहको नाम उल्लेख गर्न गाह्रो परेको हो।'

'राइजिङ नेपाल' ले समाचारमा उल्लेख गरेको थियो, 'बंगलादेशले विभिन्न परिस्थिति देखाउँदै दक्षिण एशियाली खेलकुद महासंघलाई प्रतियोगिता आयोजना गर्न असमर्थता जनाइसकेको छ। शरद ऋतुमा काठमाडौंमा आयोजना भएको (२३औं) एशियन युथ कप (समूह ए) फुटबल प्रतियोगिताबाट प्रभावित भएर साफका सदस्य राष्ट्रहरूले नेपाललाई क्षेत्रीय खेलकुद प्रतियोगिताको पनि जिम्मेवारी लिन अनौपचारि क प्रस्ताव गरेका छन्।'

नयाँ खेल स्थलको विषयमा आउँदो महिना बस्ने महासंघको कार्यकारी समितिको बैठकले टुंगो लगाउने समाचारमा उल्लेख थियो। यही सन्दर्भमा उच्च स्रोतलाई उल्लेख गर्दै पत्रिकाले लेखेको थियो, 'यदि सबै सदस्य र ाष्ट्र सहमत भएको खण्डमा हामी (नेपाल) पछाडि हट्नेछैनौं। हामी प्रतियोगिता आयोजना गर्नेछौं।'

प्रतियोगिता नेपालले आयोजना गर्ने सम्बन्धमा अंग्रेजी वर्ष समाप्त हुन लागेका कारण सन् १९८३ को डिसेम्बर अर्थात् २०४० सालको पुस मसान्तसम्म असम्भव रहेको बताइएको थियो।

नेपालले २०४० चैतको दोस्रो सातादेखि पोखरामा दोस्रो बृहत् राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्दै थियो। त्यसैले १९८४ को मार्च-अप्रिलसम्म प्रतियोगिता गराउन असम्भव हुने हुँदा २०४१ सालको वैशाख उपयुक्त हुने ठहर गरिएको थियो।

नभन्दै समाचार प्रकाशित भएको एक महिनापछि कुवेतमा ओसीएको बैठक बस्यो। बैठकमा भाग लिन १६ कार्तिक २०४० सालमा शाह कुवेत उडे। ओसीएको यही बैठकमा भाग लिन जाँदा दक्षिण एशियाली खेलकुद महासंघको दोस्रो कार्यकारी बैठक १९ कार्तिकमा महासंघका अध्यक्ष बंगलादेशका सिद्दिकी अहमदको अध्यक्षतामा बस्यो।

बैठकमा नेपालबाट शाह र अनुप शमशेर, भारतबाट भलिन्दर सिंह, पाकिस्तानबाट शैयद वाजिद अली शाह र नकी बट, श्रीलंकाबाट रोय डिसिल्भा (डिसिल्भा केही समयअघि श्रीलंका ओलम्पिक कमिटीका अध्यक्ष निर्वाचित भएका थिए), माल्दिभ्सबाट जाहिर नासिर र आगन्तुक सदस्यका रूपमा भुटानबाट दावा छिरिङको उपस्थिति थियो। यही बैठकले भुटानलाई पनि दक्षिण एशियाली खेलकुद महासंघको सदस्यता प्रदान गर्ने महत्त्वपूर्ण निर्णय गर्‍यो। भुटानको आबद्धतासँगै अफगानिस्तानलाई छोडेर दक्षिण एशियाका ७ वटै राष्ट्र महासंघमा सम्मिलित भए।

७ राष्ट्रका प्रतिनिधि सहभागी बैठकमा सिद्दिकीले पहिलोपल्ट आधिकारि क रूपमा प्रतियोगिता आयोजना गर्न बंगलादेश असमर्थ रहेको जानकार ी गराए।


महासंघ गठन गर्दा अंग्रेजी वर्णानुक्रमअनुसार अगाडि पर्ने देशले प्रतियोगिता आयोजना गर्दै जाने नियम बनेको थियो। त्यसैले बंगलादेशको असमर्थताको अर्थ थियो, प्रतियोगिता आयोजनाको जिम्मेवारी भारतमा सर्नु। यो सन्दर्भमा नेपाल ओलम्पिक कमिटीका अध्यक्ष शाह र भारतीय ओलम्पिक कमिटीका अध्यक्ष सिंहबीच पहिले नै समझदारी भइसकेको थियो। फेरि भारतले एक वर्षअघि मात्र दिल्लीमा एशियाली खेल जस्तो प्रतिष्ठित प्रतियोगिताको आयोजना गरेका थियो। पाकिस्तानसँग पनि चिसिएको सम्बन्धका कारण प्रतियोगिता सफल नहोला कि भन्ने डर भारतलाई थियो। योभन्दा पनि ठूलो कुरा भारत सरकार र भारतीय ओलम्पिक कमिटीबीच त्यतिवेला शीतयुद्ध चलिरहेको थियो।

त्यसैले बैठकमा सहभागी सिंहले पहिलो दक्षिण एशियाली खेलकुद आयोजना गर्ने विषयमा खासै रुचि देखाएनन्। नेपालले नै यो प्रतियोगिता आयोजना गरोस् भन्ने उनको चाहना पनि थियो। त्यसैले उनले अस्वीकार गरे।

भारतले आयोजनाको दाबेदारी छोडेपछि माल्दिभ्सको पालो आउँथ्यो, तर माल्दिभ्समा खेलकुदको कुनै पूर्वाधार तयार थिएन। त्यसैले उसले सुरुमै हात उठायो। यसपछि नेपालले प्रतियोगिताको जिम्मा लियो। शाहको प्रस्तावको सबै सदस्य राष्ट्रले हार्दिकतापूर्वक स्वागत गरे।

यही बैठकमा पहिलो दक्षिण एशियाली खेलकुदको नयाँ मिति पनि तय भयो। 'राइजिङ नेपाल' को समाचारमा उल्लेख भएसरह प्रतियोगिताको मिति तोकियो, १८ वैशाख २०४१ साल।

# पत्रकार नवीन अर्यालको 'नेपाली खेलकुदको वृत्तान्त' सार्वजनिक




**काठमाडौं** / पत्रकार तथा लेखक नवीन अर्यालको नेपाली खेलकुद इतिहासमाथि लेखिएको पुस्तक 'नेपाली खेलकुदको वृत्तान्त' सार्वजनिक भएको छ।

दुई दशकदेखि खेल पत्रकारितामा सक्रिय अर्यालको पुस्तक मंगलबार सार्वजनिक भएको हो। पुस्तकमा अर्यालले खेल इतिहासका रोचक प्रसंग र सन्दर्भ उजागर गरेका छन्।

युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बु, नेपाललाई पहिलो अन्तर्राष्ट्रिय पदक दिलाउने धावक जितबहादुर केसी, शरद चन्द्र शाह मेमोरियल फाउन्डेसनकी अध्यक्ष रेणु शाह, प्राध्यापक पी खरेल र नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले मंगलबार काठमाडौंमा संयुक्त रुपमा पुस्तक सार्वजनिक गरेका हुन्।

अर्यालले पुस्तकमा नेपालको पहिलो अन्तर्राष्ट्रिय सहभागितादेखि हालसम्मका खेल इतिहासका घटनाक्रम समेटेका छन्। उनले खेल इतिहासलाई शिलशिलाबद्ध रुपमा पढ्न चाहने पाठकका लागि यो पुस्तक महत्त्वपूर्ण हुने उनले अपेक्षा गरेका छन्।

खेलकुदमन्त्री लिम्बूले पुस्तकमा नेपाली खेलकुदको विकासक्रमबारे गहन अध्ययन समेटिएको टिप्पणी गरे। यसले सरकारलाईसमेत मार्गदर्शन गर्ने उनको भनाइ थियो।

अर्यालको पुस्तक क्रिएटिभ बुक्सले प्रकाशन गरेको हो।



# मनसुन शुरु भएपछि कमला नदीबाट हुने सम्भावित जोखिमबारे अनुगमन



**अजयकुमार झा**

**असार २७ गते, जनकपुर**

मनसुन शुरु भएपछि कमला नदिले गर्न सक्ने क्षतिको विषयमा जिल्ला विपत् व्यवस्थापन समिति धनुषाका पदाधिकारीहरूले आज स्थलगत रुपमा अनुगमन गरेको छ ।

धनुषाका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपत् व्यवस्थापन समितिका अध्यक्ष काशीराज दाहालको नेतृत्वमा गएको टोलीले कमला नदिमा धनुषा तर्फ निर्माण गरेको बाँधको अवस्थाका बारेमा अनुगमन गर्दै सम्बन्धित पालिकाका प्रमुख तथा स्थानीयवासीसंग कुराकानी गरेर जानकारी लिएको छ । अनुगमन टोलीले नेपाल भारतको सिमानामा रहेको जनकनन्दनी गाउँपालिकाको वडा नं १ ईनर्वासंगै भारत तर्फको भागमा भारत सरकारले निर्माण गरेको तटबन्धका विषयमा जानकारी लिनुका साथै यसले पार्ने प्रभाव बारेमा जानकारी लिएको छ ।

जनक नन्दनी गाउँ पालिकाका उपाध्यक्ष कमला सहगलले भारत सरकारले निर्माण गरेको तटबन्धले पारेको सकारात्मक तथा दीर्घकालमा पार्ने नकारात्मक विषयका बारेमा जानकारी दिनु भएको थियो । उहाँले कमलाको जोखिममा पालिकाको ईनर्वा, कठाल, बलहा तथा पतनु गाउँ रहेको जानकारी दिनु भयो ।

यसै गरि धनुषाको कमला नगर पालिकाको विभिन्न भागमा रहेको कमलाको तटबन्धको अवस्थाको विषयमा अनुगमन टोलीले जानकारी लिएको छ । कमलाको लक्कड, हथमुण्डाको स्थलगत निरीक्षण गरेर सम्भावित जोखिमको विषयमा जानकारी लिएको छ ।

अनुगमन टोलीलाई कमला नगर पालिकाका नगरप्रमुख विश्वेश्वर यादवले जानकारी दिनुका साथै तटबन्धको सुरक्षा अन्य काममा नगरपालिका पनि सघाउनका लागि तयार भएको बताउनुभयो । धनुषाको सवैला नगरपालिकामा रहेको पटेर्वाको स्थलगत निरीक्षण गरि भएको समस्याका बारेमा जानकारी लिँदै गर्नु पर्ने कामका विषयमा जानकारी लिएको छ भने सवैलाका नगरप्रमुख कारीराम यादवले भएको समस्याका विषयमा अनुगमन टोलीलाई जानकारी दिएको छ ।

अनुगमन टोलीले कमला तथा नारनाथ खोलाको सङ्गममा रहेको तटबन्धको स्थलगत निरीक्षण गर्दै सम्भावित जोखिमको बारेमा जानकारी लिँदै तटबन्धको छेउमा वृक्षारोपण गर्नका लागि पालिकालाई सुझाव दिएको छ । गणेशानचारनथ नगरपालिकाका नगरप्रमुख जीतनारायण यादवले समस्याका बारेमा जानकारी दिनु भएको थियो । कार्यक्रममा कमला नदी नियन्त्रण आयोजनाले तटबन्धमा भएको समस्याका समाधानका विषयमा गरेको कामको विषयमा आयोजनाका प्रमुख डिभिजनल इन्जिनियर विष्णुदेव यादवले जानकारी दिनु भएको थियो ।अनुगमनमा जिल्ला समन्वय समितिका प्रमुख राजनन्दन मण्डल, कमला नदी नियन्त्रण आयोजनाका प्रमुख विष्णुदेव यादव, धनुषाका प्रहरी उपरीक्षक विश्वराज खड्का, सशस्त्र प्रहरी उपरीक्षक दिनेश मल्ल, नेपाली सेनाका प्रमुखहरूको सहभागिता रहेको थियो ।




# आर्थिक करिडोरको कार्यालय मधेशमा किसानहरुको भरोसा बन्दै



**खबर दर्पण समाचारदाता**

**असार २७ गते, बर्दिवास**

ग्रामिण उधम तथा आर्थिक विकास आयोजना आर्थिक करिडोरको कार्यालय बर्दिबासले वर्षभरिको प्रगति विवरण सार्वजनिक गरेको छ ।

आर्थिक वर्ष २०७९/८० मा गरेको कामको जानकारी दिँदै कार्यालय प्रमुख रविन्द्र महथाले खर्च भएको लगभग ६ करोडको फेहरिस्ता सुनाए ।

कार्यालयले बजार समबन्धको विकासमा सहजीकरण, उधमशिलाताको विकास, संरचनात्मक विकास र लाभाग्राहीको योगदानमा आधारितसहितका सीमाभित्र रहेर मधेश प्रदेशका ८४ वटा पालिकाहरुमा काम गर्दै आएको छ ।

महेन्द्र राजमार्ग र हुलाकी राजमार्गमा केन्द्रित रहेर उक्त करिडोरभित्र सप्तरीमा १५, सिरहामा १२, धनुषामा ८, महोत्तरीमा १०, सर्लाहीमा ११, रौतहटमा ९, बारामा ११ र पर्सामा ८ वटा पालिकामा काम भईरहेको कार्यालय प्रमुख महथाले जानकारी दिए ।

कृषकलाई ५० प्रतिशत अनुदानको प्रक्रिया समेत अगाडि बढाइएको छ । ८४ वटा पालिकाहरुबाट १०३२ कृषक समुहले अनुदानको लागी निवेदन दिएको आर्थिक करिडोरको कार्यालयले जनाएको छ । जसमध्य दुध उत्पादनमा ५३१ जना, मासु उत्पादन (बाख्रा-२१८, कुखुरा तथा हाँसमा-२२, बन्गुरमा-७ जना, रागा-१)- २४८ जना, माछा उत्पादनमा ५७ जना, तरकारी उत्पादनमा ९२ जना, बिज बृदिमा ४९ जना, गंहू, धानमा १५ जना, फलफूल उत्पादनमा १० जना, प्रशोधन उधोगमा ५ जना, मौरिपालनमा १, वन पैदावरमा १ जना, शीर्षक नखुलाई १४ जना गरी १०१३ जना समूहबाट अनुदान माग भएको छ ।

कार्यालयले बनाएको कार्यविधिअनुसार छनोट प्रक्रियामा अगाडी बढीरहेको प्रमुख महाथाले जानकारी दिए ।

# एकलाख रुपैयाँ घुससहित सडक डिभिजन कार्यालय लहानका लेखा अधिकृत फन्दामा

**सिरहा** / सडक डिभिजन कार्यालय लहान सिरहाका लेखा अधिकृत पदम बिनोद पोखरेल एकलाख रुपैयाँ घुससहित अख्तियारको फन्दामा परेका छन् ।

मंगलबार उनलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासको टोलिले सेवाग्राहीबाट लिइरहेको एकलाख रुपैयाँ घुससहित पक्राउ गरेको हो । सडक निर्माण कार्यको अन्तिम बिल भुक्तानीको प्रयोजनका लागि सेवाग्राहीबाट माग गरेका थिए । जुन कुरा अख्तियारलाई पूर्व सूचनाको थियो ।

सोही आधारमा अधिकृत पोखरेललाई घुससहित रंगेहात पक्राउ गरेको अख्तियारका सह प्रवक्ता देवी प्रसाद थपलियाले बताए । उनीमाथि थप अनुसन्धान गरिरहेको अख्तियार दुरुपयोग अनुसन्धान केन्द्रीय कार्यालय टंगालले जनाएको छ ।

# बहुविवाहको आरोपमा...

गराइएको गिरीले बताए ।

पक्राउ परेका महतोको विषयमा उनकी छोरी अल्पना कुमारी महतोले एक महिनापहिले आफ्नो बुबाले अर्को विवाह गरेको थाहा पाएको सामाजिक संजाल मार्फत सार्वजनिक गरेकी थिइन् । 'बुबाको अर्को विवाहका कारण आमा ललिता देवी, भाइ रुपेश र मलाई बुबाले कुटपिट गरी घरेलु हिंसा गरिरहनुभएको छ' भन्दै भिडियो सन्देश सार्वजनिक गर्दै न्याय मागेकी थिइन् ।

अल्पनाले समाजिक संजाल टिकटक मार्फत आफू र आफ्नो आमा माथि बुवाले गरेको हिंसा बारे पोष्ट गरेकी थिइन् । आफ्ना बुबाले अरु महिलासँग अनैतिक सम्बन्ध राखेको, ममीलाई झुक्याएर अर्कै घरजमसमेत गरेको उनले भिडियोमा बताएकी छिन्। उनले टिकटक मार्फत न्यायको पहल गरिदिनु हुन समेत सबैलाई आग्रह गरेकि छिन् । त्यसपछि वडाध्यक्ष महतो आफ्नो बचाउ गर्दै हिँडेका थिए ।

अध्यक्ष महतोको घरेलु हिंसा यो नै पहिलो भने होइन । २०६४ सालमा पनि पत्नी ललितालाई निर्घात कुटपिट गरेपछि प्रहरी कार्यालयबाट कागज गरेर मिलापत्र भएको पाइएको छ। कागजमा पत्नी र परिवारका सदस्यहरूलाई कुनै दुःख नदिने प्रतिबद्धता जनाए पनि पुनः घटना दोहोर्‍याएको स्थानीय बताउँछन्।

अध्यक्ष महतो वडामा निर्वाचित हुनुभन्दा पहिलेदेखि नै अर्की पत्नी रहेको पनि खुलासा भएको छ। तर, कान्छी पत्नी र छोराछोरीको विषयमा उनले गुपचुप बनाएको पत्नी ललितादेवीले बताइन्।

जनप्रतिनिधि बन्नुभन्दा पहिला अध्यक्ष महतो प्रायः बाहिर नै बस्ने गरेको पनि ललिताको भनाइ छ। 'अहिले श्रीमान् घरमै बसे पनि सम्बन्ध भने श्रीमती-श्रीमानको जस्तो छैन,' उनले भनिन् ।

**मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा